# राष्ट्रिय मानव अधिकार आयोग
National Human Rights Commission of Nepal

केन्द्रीय कार्यालय (Central Office)

हरिहर भवन, पुल्चोक, ललितपुर (Harihar Bhawan, Pulchowk, Lalitpur, Nepal)


## प्रेस विज्ञप्ति

२०७५ माघ २०

### जेरियाट्रिक विज्ञ समूह गठन

राष्ट्रिय मानव अधिकार आयोगले विगतदेखि नै जेष्ठ नागरिकहरुको अधिकारलाई प्राथमिकतामा राखी कार्य गर्दै आइरहेकोमा भविष्यमा जेष्ठ नागरिकहरुको स्वास्थ्यको अधिकारको संरक्षणमा आयोगले गर्ने कार्यका सम्वन्धमा आयोगलाई परामर्श तथा सहयोग गर्न आयोगका पूर्व सदस्य डा. गौरीशंकर लाल दासको अध्यक्षतामा प्रा. डा. ध्रुवराज अधिकारी, डा. निदेश सापकोटा, डा. रमेश कँडेल, डा. रचना शर्मा, डा. लोचना श्रेष्ठ र डा. नरेन्द्रसिंह ठगुन्ना सदस्य रहेको एक जेरियाट्रिक विज्ञ समूह गठन गरेको छ ।

यस अघि आयोगले जेष्ठ नागरिकहरुको अधिकारलाई प्राथमिकतामा राखी देशभर रहेका वृद्धाश्रम तथा जेष्ठ नागरिक हेरचाह केन्द्रहरुको अनुगमन गरी प्रतिवेदन समेत प्रकाशित गरिसकेको छ । उक्त अनुगमन र छलफलका क्रममा जेष्ठ नागरिकहरुलाई लाग्ने वृद्यौली रोगको वारेमा आयोगले प्राथमिकताका साथ कार्य गर्नुपर्ने भनी विशेषज्ञ चिकित्सक तथा सहभागीहरुवाट प्राप्त सुझाव समेतलाई दृष्टिगत गरी आयोगले जेरियाट्रिक विज्ञ समूह गठन गरेको हो । विज्ञ समूहवाट आयोगलाई उचित परामर्श प्राप्त भई जेष्ठ नागरिकहरुको स्वास्थको अधिकार संरक्षणमा सहयोग पुग्ने आयोगले अपेक्षा गरेको छ ।

..........................

डा. टीकाराम पोखरेल

नि. सचिव


फोन नं. ५०१००१५, फ्याक्स नं. ००९७७-१-५५४७९७३ पो.ब.नं. ९१८२ काठमाण्डौ, नेपाल

Phone: +977 1 5010015, Fax: +977 1 5547973, G.P.O. Box: 9182, Kathmandu, Nepal

Email: nhrc@nhrcnepal.org, Website: www.nhrcnepal.org